**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:16.05.2024**

***State Day***

सिक्किमले आज आफ्नो उन्चासौं स्थापना दिसवस मनायो।

उन्नाइस सय पचहत्तर सालमा आजकै दिन बाइसौ राज्यको रूपमा सिक्किम, भारतमा विलय भएको हो। यसका लागि संसदले सम्वैधानिक संशोधन गरेको थियो।

उन्चासौं राज्य दिवसको अवसरमा गान्तोकको चिन्तन भवनमा आयोजित समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले भन्नुभयो भारतीय संघमा विलयपछि सिक्किम राज्य प्रतिवध्दताका साथ प्रगति तथा समृध्दिको मार्गमा अग्रसर रहेको छ।

उहाँले भन्नुभयो राज्य स्थापना दिवस विगतका उपलब्धिहरूको स्मरण गर्ने अवसर मात्र नभएर सिक्किमवासीहरू उज्जवल भविस्यतर्फ अघि बढ़ने सामूहिक आकांक्षा र प्रयासको प्रमाण पनि हो।

उन्चास वर्षमा सिक्किम राज्यले धेरै चुनौतीहरूको सामना गर्दै देशका अग्रणी राज्यहरूको लहरमा उभिन सफल भएको कुरो बताउँदै श्री आचार्यले भन्नुभयो यो उल्लेखनीय उपलब्धि राज्यवासीहरूको सामूहिक प्रयास, राजनीतिक स्थिरता र दूरदर्शिताको परिणाम हो।

राज्यपालले भन्नुभयो लोकतन्त्र, समावेशन र ढिगो विकासका सिध्दान्तहरूले सिक्किम राज्य भारत देशमा प्रगति र समृध्दिको ज्वलन्त उदाहरण बन्न पुगेको छ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले भन्नुभयो सोह्र मई उन्नाइस सय पचहत्तर सालमा भारतको बाइसौं राज्य बनेपछि सिक्किमले प्राय सबै क्षेत्रमा विकास गरेको छ र देशका अन्य धेरै राज्यहरूभन्दा अग्रिम पंक्तिमा रहेको छ।

उहाँले यसमा सम्पूर्ण सिक्किमवासीको योगदान रहेको उल्लेख गर्नुभयो।

मुख्यमन्त्रीले सिक्किमलाई वर्तमानको अवस्थासम्म ल्याउनमा मार्गदर्शन गर्ने सबै पूर्व र वर्तमान राज्यपालहरू, पूर्व मुख्यमन्त्रीहरू र नोकरशाहहरूप्रति कृतज्ञता प्रकट गर्नुभयो।

श्री तामाङले सिक्किमवासीहरूसित राज्यलाई विकासको दिशामा अझै अघि बढ़ाउन एकजूट हुने आहवान गर्नुभयो।

प्रजातान्त्रमा सम्विधानले नागरिकहरूलाई धेरै अधिकारसँगै जिम्मेवारी पनि दिइएको जानकारी दिँदै मुख्यमन्त्रीले मानिसहरूसित आफ्नो जिम्मेवारी बहन गर्ने अपील गर्नुभयो।

उहाँले आउँदो वर्षको पचासौं तथा स्वर्षजयन्ती राज्य दिवसको अग्रिम शुभकामना दिँदै सिक्किमवासीले आगामी दस वर्षमा सुनौलो र समृध्द सिक्किम निर्माणको लक्ष्य लिएर काम गर्नुपर्ने आहवान गर्नुभयो।

यसअघि मुख्य सचिव श्री विजय भूषण पाठकले राज्यलाई अहिलेसम्म प्राप्त उपलब्धिहरूवारे अवगत गराउनुभयो।

विभिन्न विद्यालयका छात्रछात्रहरू र विशेष रूपले समक्ष विद्यार्थीहरूद्वारा प्रस्तुत देशभक्ति गीत, गान्तोक राजभवनद्वारा हिन्दी र अंग्रेजी भाषामा प्रकाशित पुस्तक 'हाम्रा संकल्प, विकसित भारत पुस्पित सिक्किम' को विमोचन र राज्यको सूचना तथा जनसम्पर्क विभागद्वारा तयार पारिएको कृतचित्र 'statehood symphony nearing the golden jubilee' को प्रदर्शन समारोहका अन्य आकर्षण थिए।

---

***State day message President & PM***

रास्ट्रपति द्रुपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम राज्य स्थापना दिवसको अवसरमा राज्यवासीहरूलाई बधाई दिनुभएको छ।

एउटा सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ सिक्किमलाई प्राकृतिक सौन्दर्यक बरदान प्राप्त भएको छ।

सिक्किमका मानिसहरूको आफ्नो जीवन शैली र कड़ा परिश्रमद्वारा देशको विकासमा महत्वपूर्ण योगदान दिएको कुरो बताउँदै श्रीमती मुर्मूले राज्य र राज्यवासीहरूको निरन्तर समृध्दि र सुदृढ़ताको कामना गर्नुभएको छ।

प्रधानमन्त्रीले भन्नुभएको छ सिक्किमलाई आफ्नो प्राकृतिक सौन्दर्य र परिश्रमी मानिसहरूले गर्दा चिनिन्छ।

विगतका वर्षहरूमा सिक्किमले जैविक कृषिको दिशामा आफ्नो छुट्टै चिन्हारी बनाएको कुरो बताउँदै उहाँले भन्नुभएको छ सरकारले आउँदो दिनहरूमा सिक्किमको कल्याणका लागि काम गरिरहनेछ।

---

***PNG foundation day***

सिक्किमका सबैभन्दा पुराना विद्यालयहरूमध्ये एउटा गान्तोकको पाल्जोर नाम्गेल कन्या उच्चतर माध्यमिक विद्यालयले स्थापनाको सय वर्ष पूरा गरेको छ।

एक्काइस मई उन्नाइस सय चौबिस सालमा स्थापित यस विद्यालयले आगामी एक्काइस मईका दिन शतवार्षिकी समारोह आयोजन गर्नेभएको छ।

यो तीन दिनसम्म चल्नेछ।

विद्यालयका प्राचार्य जेन पन्दी तार्गेनले जानकारी दिनुभए अनुसार चरणवध्द रूपमा वर्षभरिनै विविध कार्यक्रमहरू आयोजित हुनेछन्।

---

***Govt. medicines***

केन्द्र सरकारले सामान्य रूपमा प्रयोग हुने एकचालिसवटा औषधीहरूको मूल्यमा कटौती गरेको छ।

यी मध्ये मधुमेह, हृदय र लीवरका रोगहरूको उपचारमा प्रयोग हुने औषधीहरू सामेल छन्।

रास्ट्रिय औषधि मूल्य निर्धारण प्राधिकरणको बैठकमा यस्तो निर्णय लिइएको हो।

आवश्यक औषधिहरूलाई सस्तो बनाउनका लागि यसो गरिएको हो बताइन्छ ।

औषधि कम्पनीहरूलाई विभिन्न औषधीहरूको कम्ती मूल्यवारे जानकारी तत्काल प्रभावद्वारा डिलरहरू र थोक वितरकहरूलाई दिने निर्देश दिइएको छ।

---

***Sunil chettri retirement***

भारतीय फुटबलका दिग्गज खेलाड़ी सुनील छेत्रीले रास्ट्रिय टीमसितको विशेष करियरपछि सन्यास लिने घोषणा गर्नुभएको छ ।

एउटा सोशल मीडिया पोस्टमा श्री छेत्रीले भन्नुभएको छ यो वर्ष छ जूनका दिन कोलकाताको सल्टलेक स्टेडियममा कुवेट विरूध्द आउँदो म्याच रास्ट्रिय टीममा उहाँले अन्तिम प्रदर्शन हुनेछ।

भारतीय रास्ट्रिय फुटबल टीमका वर्तमान कप्तान सुनील छेत्रीले बाह्र जून 2005 मा पाकिस्तान विरूध्द आफ्नो पहिलो म्याच खेल्नुभएको थियो।

आफ्नो खेल करियरमा उहाँले एक सय पचास अन्तर्रास्ट्रिय म्याचहरूमा चौरानब्बे गोल गरेर उत्तम रेकर्ड बनाउनुभएको छ।

---